नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. १६६

मितिः २०८३/०७/१६

श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै ।

विषयः स्वास्थ्य बीमा कार्यक्रममा राष्ट्रिय परिचयपत्र अनिवार्य सम्बन्धमा ।

प्रस्तुत विषयमा स्वास्थ्य बीमा बोर्ड, बबरमहल, काठमाडौंको प.सं. २०८३/०८४, च.नं. ३९३ मिति २०८३/०७/१२ को पत्र मार्फत मिति २०८३ पौष १ गते वाट १६ वर्ष उमेर पूरा गरेका नागरिकका लागि स्वास्थ्य बीमा कार्यक्रममा नयाँ आबद्धता तथा नवीकरण गर्न र स्वास्थ्य बिमा सेवा प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने सम्बन्धी पत्रको छायाँप्रति यसै पत्रसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री स्वास्थ्य बीमा बोर्ड, बबरमहल, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेवसाईटमा समेत अपलोड गरिदिनु हुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/ ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं

पत्र संख्या: २०८३।०८४
च.नं ३९३

मितिः २०८३/०७/१२

श्री स्थानीय तह समन्वय महाशाखा,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रा
पत्र नं.: २९८६
मिति: ६।९३

विषयः स्वास्थ्य बीमा कार्यक्रममा राष्ट्रिय परिचयपत्र अनिवार्य सम्बन्धमा (स्थानीय तहलाई पत्राचार हुन)।

प्रस्तुत विषयमा नेपाल सरकार, गृह मन्त्रालयबाट मिति २०८१ असार १० गते नेपाल राजपत्रमा सूचना प्रकाशन भई मिति २०८२ श्रावण १ गतेदेखि देशैभर स्वास्थ्य बीमा कार्यक्रममा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय भएकोमा उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि स्वास्थ्य बीमा बोर्डको मिति २०८३/०६/१२ को निर्णयानुसार मिति २०८३ साल पौष १ गतेदेखि १६ वर्ष उमेर पूरा गरेका नागरिकका लागि *स्वास्थ्य बीमा कार्यक्रममा नयाँ आबद्धता तथा नवीकरण गर्न र स्वास्थ्य बीमा सेवा प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने* निर्णय भएको छ। तथापि, ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक तथा अति अशक्त अपाङ्गता भएका नागरिकका हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य हुने छैन।

उक्त व्यवस्थाको कार्यान्वयनका लागि सम्पूर्ण बीमित परिवारलाई स्वास्थ्य बीमा बोर्डको HIB e-Portal (eportal.hib.gov.np) मार्फत नयाँ आवद्धता, नवीकरण तथा पूरानो विवरण अद्यावधिक (KYC) गर्न जानकारी गराउनुका साथै, स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुँदा राष्ट्रिय परिचयपत्र नम्बर उपलब्ध नगराएका बीमितले समेत स्वास्थ्य संस्थाबाट राष्ट्रिय परिचयपत्र नम्बर उपलब्ध गराई सेवा लिन सक्ने व्यवस्था मिलाइएको हुँदा *मिति २०८३ साल पौष १ गतेदेखि स्वास्थ्य बीमा सेवा लिन जाँदा त्यस्ता बीमितले आफ्नो राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य रूपमा साथमा लिई जानुपर्ने व्यहोरा* सर्वसाधारणलाई जानकारी गराउन आवश्यक देखिएको छ।

अतः उल्लिखित व्यवस्थाबारे सबै स्थानीय तहका स्वास्थ्य बीमा संयोजन समितिलाई जानकारी गराई बीमित परिवारको विवरण अद्यावधिक गर्न तथा स्वास्थ्य बीमा सेवा लिन जाँदा आवश्यक राष्ट्रिय परिचयपत्र नम्बर साथमा लैजान सम्बन्धित बीमितलाई सूचित गर्ने प्रयोजनका लागि आवश्यक समन्वय गरिदिनुहुन सादर अनुरोध छ।

संघीय मामिला महाशाखा
दर्ता नं.: ३६०
मितिः ६।९३

शकुन्तला प्रजापति
नि. कार्यकारी निर्देशक

संलग्न कागजातहरूः

१. नेपाल राजपत्रमा मिति २०८१ असार १० गते प्रकाशित सूचना - १ प्रति।
२. स्वास्थ्य बीमा बोर्डको मिति २०८३/०६/१२ को निर्णयको प्रतिलिपि - १ प्रति